# नेपालगञ्ज उप-महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## नेपालगञ्ज, बाँके

लुम्बिनी प्रदेश, नेपाल ।

**नयाँ व्यवसाय प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्न विषय विज्ञ परामर्शदाता, कम्पनि वा गैर सरकारी संघ संस्थाहरुलाई प्रस्ताव पेश गर्ने वारेको जरुरी सूचना ।**

**(दोश्रो पटक सूचना प्रकाशित मिति २०७७।२।१०)**

नेपालगञ्ज उप-महानगरपालिकाको चालू आ.व.२०७७/०७८ का लागि स्वीकृत नयाँ व्यवसाय प्रवर्द्धन कार्यक्रम, उक्त विषयका विषय विज्ञ परामर्शदाता, कम्पनि वा गैर सरकारी संस्थाहरुको परामर्श सेवा खरिद मार्फत् छनौट गरी चालू आ.व. भित्रै सम्पन्न गर्नुपर्ने भएकोले प्रस्ताव आह्वानका लागि प्रथम पटक सूचना प्रकाशित गरि पेश भएका प्रस्तावदातारुको प्रस्ताव अध्ययन गर्दा प्रारम्भिक आशय छनौटका लागि न्यूनतम शर्तका रुपमा पेश गर्नुपर्ने संस्थाका कागजातहरु कुनै पनि संघ, संस्थाले पेश नगरेकोले प्रस्तावदाताहरुका लागि यस अघि निर्धारित कार्यक्षेत्रगत शर्त (ToR) बमोजिम प्राविधिक तथा आर्थिक विषय उल्लेख गरि एउटै प्रस्ताव तयार गरि देहायका कागजातहरु अनिवार्य रुपमा संलग्न राखि शिलबन्दी खाम सहित सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस कार्यालयमा पेश गर्नहुन दोश्रो पटक पुनः यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| सि.नं. | कार्यक्रमको नाम | कूल स्वीकृत बजेट | संस्थाको सहभागिता |
|---|---|---|---|
| १ | नयाँ व्यवसाय प्रवर्द्धन कार्यक्रम | १०,००,०००।-(दश लाख) | लागत साझेदारीका आधारमा । |

**प्राविधिक तथा आर्थिक प्रस्तावका साथ संलग्न गर्नुपर्ने देहाय बमोजिम कागजातहरुको प्रतिलिपि :**

(१) नियमानुसार सरकारी निकायमा दर्ता तथा नविकरण भएको प्रमाणपत्र, (२) आन्तरिक राजस्व कार्यालयबाट जारी भएको पान नं. वा मू.अ.कर दर्ता प्रमाणपत्र, (३) उप-महानगरपालिकाको मौजूदा सूचीमा सूचिकृत भएको प्रमाणपत्र, (४) आ.व.२०७६।०७७ सम्मको लेखा परिक्षण प्रतिवेदन, (५) आ.व.२०७६।०७७ को कर चुक्ता प्रमाणपत्र, (६) आफ्नै कार्यालय भएको वा वहालमा लिएको भए सो सम्बन्धि प्रमाणपत्र, (७) परामर्शदाता संस्था, कम्पनि वा गैर सरकारी संस्था कालो सूचीमा नपरेको व्यहोरा अध्यक्ष स्वयंले स्वघोषणा गरि पत्र संलग्न गरेको, (८) प्रस्ताव तयार गर्दा कार्यक्षेत्रगत शर्त (ToR) का आधारमा तयार गरेको हुनुपर्नेछ, (९) संस्थाको विधानमा भएको उद्धेश्य र प्रस्तावित कार्यक्रम विच तालमेल भएको हुनुपर्नेछ, (१०) कर कट्टी लगायत अन्य विषयहरु यस कार्यालयको सार्वजनिक खरिद ऐन, नियमावली बमोजिम हुनेछ, (११) प्रस्तावको प्रत्येक पानामा पेश गर्ने संस्थाको आधिकारिक व्यक्तिको दस्तखत र छाप लागेको हुनुपर्नेछ, (१२) प्रस्तावदाताहरुले उप-महानगरपालिका कार्यालयमा यो सूचना प्रकाशित भएको मितिले १५ दिन अर्थात् मिति २०७७ साल चैत २४ गते कार्यालय समय भित्र, उक्त दिन विदा भएमा कार्यालय खुलेको दिन कार्यालय समय भित्र प्रस्ताव दर्ता गरिसक्नुपर्नेछ, (१३) लागत साझेदारीमा रही बढी भन्दा बढी लागत सहभागिता हुने गरि पेश भएको प्रस्तावलाई विशेष ग्राहयता दिईनेछ । (१४) दर्ता भएका सबै प्रस्तावहरु प्रस्ताव बुझाउने अन्तिम दिनको भोलिपल्ट कार्यालयका प्रतिनीधि तथा प्रस्तावदाता प्रतिनीधिहरुको रोहवरमा खोलिनेछ र प्रस्तावदाता अनुपस्थित भएमा समेत प्रस्ताव खोल्न बाधा पर्ने छैन, (१५) यसमा स्पष्ट नभएका कुराको हकमा नेपालगञ्ज उप-महानगरपालिकाको सार्वजनिक खरिद नियमावली बमोजिम हुनेछ । (१६) प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने अन्तिम निर्णय गर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ । (१७) प्रकाशित सूचना अनुसार गर्नुपर्ने विस्तृत कामका लागि कार्यक्षेत्रगत शर्त (ToR) हेर्न हुन यस कार्यालयको सूचना पाटी तथा website : www.nepalgunjmun.gov.np मा राखिएको छ । थप जानकारीका लागि: नेपालगञ्ज उप-महानगरपालिका, नगर कार्यपालिका कार्यालयको फोन नं. ०८१-५२३६४१/५२०३१६ वा सामाजिक, गै.स.सं. तथा साझेदारी विकास शाखामा सम्पर्क गर्न सकिनेछ ।

२०७७।१२।१०

नेपालगञ्ज उप-महानगरपालिका
नगर कार्यपालिका कार्यालय नेपालगञ्ज

**नेपालगञ्ज उप-महानगरपालिकाको चालू आ.व. २०७७/०७८ का लागि स्वीकृत नयाँ व्यवसाय प्रवर्द्धन कार्यक्रमको प्रस्तावना पेश गर्दा ध्यानदिनुपर्ने कार्यक्षेत्रगत शर्त (TOR)**

**यस उप-महानगरपालिकाले चालू आ.व. २०७७/०७८ मा स्वीकृत नयाँ व्यवसाय प्रवर्द्धन कार्यक्रम, उक्त विषयका विषय विज्ञ परामर्शदाता, कम्पनि वा गैर सरकारी संस्थाहरुबाट मूल्याङ्कन विधिद्धारा सेवा प्रदायक छनौट गरी चालू आ.व. भित्रै सम्पन्न गर्नका लागि सेवा खरिद गर्नुपर्ने भएकोले देहायका विषयवस्तुहरुका साथै अन्य सान्दर्भिक विधिहरु उल्लेख गरि प्रस्ताव तयार गर्नका लागि यो कार्य क्षेत्रगत शर्त (TOR) निर्धारण गरिएको छ ।**

**१. कार्यक्रमको परिचय :**

नेपाल सरकारको चालू आ.व. २०७७०७८ को बजेट, नीति तथा कार्यक्रममा गरीब उद्यम र साना किसानहरूलाई लक्षित गरी कृषि उद्यमशीलताको प्रवर्द्धनका लागि ग्रामीण उद्यम र आर्थिक विकासका कार्यक्रमहरूका साथै युवा उद्यमशीलताको विकासको लागी सबै प्रदेशहरुमा युवा इनोवेशन केन्द्रहरु स्थापना गरिने कुरा उल्लेख छ । उल्लेखित मार्गदर्शनका आधारमा यस नेपालगञ्ज उपमहानगरपालिकाद्धारा चालू आ.व. को वार्षिक नगर विकास योजनामा **"नयाँ व्यवसाय प्रवर्द्धन कार्यक्रम"** को मोडेल सञ्चालन गर्न बजेट र कार्यक्रम स्वीकृत गरिएको हो । यस कार्यक्रम अन्तरगत् उपमहानगर क्षेत्रमा रहेका विभिन्न समस्या र चुनौतिलाई निकास दिन सक्ने र दिगो रुपमा नगरमा अवसर श्रृजना गर्नसक्ने उद्यमशील शोच, व्यापार तथा व्यवसायलाई यस कार्यक्रममा संलग्न गराइ नव प्रवर्द्धन कार्यक्रम शुरुवातका लागि टेवा पुग्ने अपेक्षा लिइएकोछ ।

**२. कार्यक्रमको उद्देश्य** :

- रचनात्मक र नवीन व्यवसाय मोडेलहरू प्रोत्साहन गर्नु
- युवा पुस्ता, महिला र अर्को बन्चित समूहलाई उद्यमी बन्न प्रोत्साहित र सशक्त बनाउने
- सरोकारवालाहरूको क्षमता विकास गरी स्थानीय स्तरमा उद्यमशीलता इकोसिस्टमलाई बढावा दिन वातावरण सक्षम गर्नु ।

**३. कार्यक्षेत्र :** नेपालगञ्ज उपमहानगरपालिका ।

**४. कार्यक्रम संचालन गर्ने विधि** :

यो पहिलो प्रथम विजनेस इन्क्युवशन (Business Incubation Program) कार्यक्रम हुनेछ जुन नेपालगञ्ज उपमहानगरपालिकाको नेतृत्वमा सहजीकरण संस्थाद्धारा कार्यान्वयन गरिनेछ, जसले सहरमा उद्यमशीलता इकोसिस्टमलाई सुदृढ पार्न कन्सोर्टियम स्थापना गरिनेछ । उद्यमशीलता इकोसिस्टम बनाउनका लागि सरकार, नीजि र शिक्षा क्षेत्र जस्ता आर्थिक विकासका लागि अपरिहार्य तीन प्रमुख संस्थाहरुको सहकार्यमा सञ्चालन गर्न अझ बढी उपयोगी देखिएको वा सो का अलावा थप परिष्कृत विधि समेत खोजी गरि परिकल्पना सहितको प्रस्ताव तयार गरिएको हुनुपर्नेछ । त्यसैगरि नयाँ व्यवसाय प्रवर्द्धन कार्यक्रम के कति चरणमा, कुन विधि मार्फत् गर्न उपयुक्त हुनसक्छ ? उपयुक्त विधिको खोजी गरि पेश गरेको हुनुपर्नेछ ।

**५. देहायका विषयमा समेत थप ध्यान दिनुपर्नेछ :**

१. संस्थाको अत्यन्त छोटो परिचय २. संस्थागत अनुभव र क्षमता ३. मूख्य-मूख्य जनशक्तिको शैक्षिक योग्यता र कार्य अनुभव ४. कार्यसम्पादन गर्ने तरिका र कार्यक्षेत्रगत शर्तप्रतिको प्रभावग्राहिता ५. कार्यालय भवन तथा भौतिक सामाग्री ६. व्यवस्थापकिय क्षमता ।

**६. संस्थाको साझेदारी :** उप-महानगरपालिकाबाट विनियोजित बजेट रकम रु दशलाख हुनेछ र सो समेत साझेदार निकायहरुको सहभागिता रकम के कति हुने हो ? विस्तृत बजेट तयार गर्दा उल्लेख भएको हुनुपर्नेछ। यस कार्यालयमा प्रस्ताव पेश गर्ने कुनै पनि संस्थाले आफ्नो अगुवाईमा सहकार्य गरिने अन्य कुनै निकायहरु भएमा उक्त संस्थाहरुको पत्र, सहभागिता हुनसक्ने बजेट रकम उल्लेख गरि आधिकारिक दस्तखत गरिएका कागजात सहित प्रस्तावका साथ पेश गरेको हुनुपर्नेछ।

**७. कार्य योजना:** कार्यक्रम कार्यान्वयनका लागि विस्तृत कार्ययोजना।

**८. अनुगमन तथा मूल्याङ्कन विधी:** कार्यक्रमको शुभारम्भ देखि कार्यसम्पन्न सम्मको अनुगमन विधी उल्लेख गर्ने।

**९. प्रतिवेदन :** कार्यक्रमको प्रतिवेदन पेश गर्दा शुरुवाती चरण देखि कार्यसम्पन्न भएको अवस्था सम्मका गतिविधिहरु र गतिविधि झल्कने फोटोहरु समेटी प्रतिवेदन पेश गर्ने वारेमा संस्थाको धारण उल्लेख गरिएको हुनुपर्नेछ।

**१०. प्रारम्भिक आशय छनौट**

(१) सूचनामा उल्लेखित शर्त तथा सो विषय संग सम्बन्धित सम्पूर्ण कागजातहरु प्रारम्भिक आशय छनौटका लागि अनिवार्य छन्।

**११. प्राविधिक तथा आर्थिक प्रस्ताव:** प्राविधिक तथा आर्थिक प्रस्ताव अलग-अलग नगरि एकैसाथ पेश गर्नुपर्नेछ। प्रस्तावको प्रत्येक पानामा अनिवार्य रुपमा प्रमाणित गर्नेको दस्तखत र छाप लागेको हुनुपर्नेछ।

**१२.. प्रस्ताव मूल्यांकन गर्ने तरिका :**

प्रस्तावनाको अंक भार १०० कायम गरिएको छ। प्राविधिक प्रस्तावको अंक ८० र आर्थिक प्रस्तावको अंक २० कायम गरिएको छ। प्राप्त प्रस्तावहरुको मूल्यांकन गुणस्तर र लागत विधि अनुसार गरिनेछ।

**१३. अनिवार्य रुपमा पुरा गर्नु पर्ने पूर्व शर्तहरु :-**

- सूचनामा उल्लेख भएका शर्तहरु प्रारम्भिक चरणका लागि अनिवार्य भएकोले ती शर्तहरु पूरा गरे बापत अङ्क दिइने छैन र यस्तो शर्त पूरा नभएको प्रस्ताव माथि कुनै कारवाही हुने छैन।

**पुनश्च:** *छनौटमा नपरेका सेवा प्रदायक संस्थाका जनशक्तिहरुले अन्तिम छनौटमा परेका सेवा प्रदायक संस्थाहरुमा रही काम गर्नमा भने वाधा पर्ने छैन। साथै प्रस्तावका साथ संलग्न सवै कागजातहरु संस्था प्रमुखवाट प्रमाणितका साथ छाप लगाई पेश गरिएको हुनुपर्नेछ।*

नेपालगंज उप-महानगरपालिकाको नगर कार्यपालिकाको कार्यालय नेपालगंज, बाँके ५ नं. प्रदेश नेपाल